वितरणपूर्व रोक

संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल

लेना सुन्ध
मानवअधिकार उच्चायुक्तकी नेपालस्थित प्रतिनिधि

२०६३ माघ २८

विशिष्ठ अतिथि, मित्रहरू,

गत केही हप्तामा हिंसाद्वारा प्रभावित तराईका शहरहरूमध्ये जनकपुरको स्थिति थाहा पाउन तथा यहाँका मानवअधिकारबारेका सरोकारहरूलाई बुझ्न म आफैं यो सप्ताहन्तमा यहाँ आएकी छु । म सबैभन्दा पहिले हिंसापीडितहरू तथा मृतकका परिवारहरूप्रति समवेदना प्रकट गर्न चाहन्छु । तपाईंहरूलाई थाहा नै छ उच्चायुक्तको कार्यालय, नेपाल तथा मानवअधिकार उच्चायुक्त स्वयं हिंसा, भएका धेरै मृत्यु र घाइतेहरूबारे अत्यन्त चिन्तित भएका छन् । हाल भइरहेका वार्ताले स्थिति साम्य पार्न सहयोग गर्नेछ तथा विरोधको सन्दर्भमा उठाइएका र शान्ति प्रक्रियाको केन्द्रमा रहेका सरोकारहरूलाई सम्बोधन गर्ने उपायहरू पत्ता लगाउन सकिन्छ भन्ने हामी आशा गर्दछौं ।

विस्तृत शान्ति सम्झौताका मानवअधिकारसम्बन्धी सबै पक्षको नेपालभरि अनुगमनमार्फत् शान्ति प्रक्रियालाई सघाउन उच्चायुक्तले आफ्नो कार्यालयलाई प्रतिबद्ध गराउनु भएको छ । उच्चायुक्तको कार्यालय, नेपालले विकास क्षेत्र तथा जिल्लाहरू, विशेषतः ती जिल्लाहरू जहाँ मानवअधिकारको स्थिति बढी अस्थिर छ, मा आफ्ना अनुगमन गतिविधिहरूलाई प्राथमिकता दिने कार्यलाई जारी राख्नेछ । र सो उद्देश्यका लागि हामीले चाँडै नै जनकपुरमा एउटा उप-शाखा कार्यालय खोल्न लागिरहेको म तपाईंहरूलाई जानकारी गराउन चाहन्छु ।

मेरो कार्यालयले यी गत केही हप्ताहरूमा तराईको स्थिति अनुगमनलाई सबैभन्दा उच्च प्राथमिकता दिएको छ । हाम्रा घुम्ती टोलीहरूले तराईमा घटेका दुर्व्यवहारका बारेमा छानबिन गर्दै आएका छन् । स्थानीय अधिकारीहरू, प्रहरी तथा विरोधका आयोजकहरूसँगको संवाद वकालतमार्फत् उनीहरूले तनाव कम गर्न तथा हिंसा दुर्व्यवहार हुन नदिन प्रयास पनि गर्दै आएका छन् । भेदभावको अन्त्य तथा सबै बहिष्कृत समुदायको शान्ति तथा निर्वाचन प्रक्रियामा उपयुक्त प्रतिनिधित्वका लागि वकालत गर्ने उच्चायुक्तको कार्यालयको कार्यको व्यापक सन्दर्भमा यी गतिविधिहरूको आयोजना गरिएका छन् ।

मधेशी, आदिवासी समुदाय, दलित, जनजाति, बादी जस्ता समुदायहरू, पूर्वकमैया जस्ता समूहहरू, विकलाङ्गहरू र यौन अल्पसङ्ख्यकहरूविरुद्ध लामो समयदेखिका भेदभाव तथा सामाजिक बहिष्करणलाई सम्बोधन गर्नु अति आवश्यक छ । यस्तो गाडिएर रहेका भेदभावलाई सम्बोधन र परिवर्तन गर्नु सजिलो कार्य होइन । यो कार्य रातारात पूरा गर्न सकिंदैन । तर, विस्तृत शान्ति सम्झौतामा यो समस्यालाई स्वीकार गरेर सम्बन्धित पक्षहरूले परिवर्तनको बाटो खोलेका छन् । राजनीतिक प्रक्रियाबाट परम्परागत रूपमा बाहिर राखिएका ती मानिसले नयाँ नेपालको निर्माणमा समान रूपले सहभागी हुन सकून् भन्ने सुनिश्चित गर्न यो प्रतिबद्धताका साथसाथै व्यवहारिक उपायहरू अपनाइनुपर्दछ ।

नेपालमा भेदभाव उन्मूलन गरी गरिबीका कारणहरूको निर्मूल सुरु गर्नसक्ने उपायहरूको विकासमा सल्लाह दिन र सघाउन उच्चायुक्तको कार्यालय, नेपालले आगामी सरकार तथा नेपालमा सीमान्तकृत समुदायहरूको प्रतिनिधित्व गर्ने नागरिक समाजका सङ्गठनहरूसँग मिलेर कार्य गर्नेछ ।

भविष्यमा नेपालमा मानवअधिकार दुर्व्यवहार हुने छैनन् भन्ने सुनिश्चित गर्न हामीले सम्बोधन गरिनुपर्ने विश्वास गरेका अन्य दुईवटा महत्वपूर्ण मुद्दामा पनि उच्चायुक्तको कार्यालय, नेपालले सङ्क्रमणकालीन अवधिमा ध्यान केन्द्रित गरिरहेको छ ।

प्रथमतः, दण्डहीनताको अन्त्य गरिनुपर्दछ, विशेषतः गम्भीर मानवअधिकार दुर्व्यवहारका लागि । सत्तामा रहेका र सार्वजनिक दायित्व भएकाहरू - विशेषतः राज्यको सुरक्षाफौज - आमजनताप्रति जवाफदेही हुनुपर्दछ । मानवअधिकार उल्लङ्घनहरू नदोहोरिने कुराको सुनिश्चित गर्न कुनै नयाँ वा सुधारिएको सुरक्षाफौजलगायतका सुरक्षाफौजभित्र कानुनप्रति जवाफदेही हुने नयाँ संस्कृतिको सिर्जना गर्न अति आवश्यक छ । द्वन्द्वको क्रममा दुवै पक्षद्वारा गम्भीर मानवअधिकार उल्लङ्घनहरू भए र शान्तिका खातिर भनेर यिनलाई

केवल कार्पेटमुनि दबाइयो भने भावी मानवअधिकार संरक्षणका लागि खतरनाक परिणामहरू हुनेछन् । विशेषगरी बेपत्ता भएका सबैको स्थिति स्पष्ट पारिनुपर्दछ र जिम्मेवारहरूलाई जवाफदेही बनाइनुपर्दछ ।

लोकतान्त्रिक समाजमा आफ्नो उचित भूमिका निर्वाह गर्न कानुन व्यवस्था कायम राख्ने दायित्व भएको सुरक्षाक्षेत्र कानुनप्रति जवाफदेही हुनुपर्दछ । जवाफदेहीता द्वन्द्वको क्रममा विगतमा दुवै पक्षद्वारा भएका दुर्व्यवहारहरूको सम्बोधन गर्ने प्रयत्न गरेर सुरु हुन्छः तिनको छानबिन गरेर, अभियोजन गराएर र जिम्मेवारहरूलाई जवाफदेही बनाएर । तर, यसको अर्थ तराईमा हालै भएका विरोधका क्रममा अभिलिखित गरिएका घटनाहरूलगायतका घटेका नयाँ उल्लङ्घनहरूबारे छानबिन गर्नु पनि हुन्छ ।

दोस्रो, पूर्ण क्रियाशील कानुन कार्यान्वयन तथा फौजदारी न्याय प्रणाली हुनुपर्छ । नागरिक प्रहरीलाई आफ्नो कार्य गर्न दिएर सुरक्षा दिनु राज्यका सबैभन्दा महत्वपूर्ण मानवअधिकारसम्बन्धी दायित्वहरूमध्येको हो । एउटा ऐतिहासिक घडीमा राज्यको यो दायित्व पूरा गर्न नेपाल प्रहरीलाई अनुरोध गरिएको छ, र उनीहरू स्रोतयुक्त र उचित रूपले प्रशिक्षित हुनुपर्दछ । फौजदारी न्याय प्रणालीले पनि सशक्त र स्वतन्त्र रूपमा कार्य गर्नुपर्दछ र दलित र ग्रामीण गरिब जस्ता न्यायको पहुँच प्राप्त गर्नमा परम्परागत रूपले कठिनाई भएकाहरूलगायतका सबै नेपालीलाई यसको पहुँच हुनुपर्दछ । यौन हिंसाबाट पीडित महिलाहरूलाई पनि कानुनको पूर्ण संरक्षण हुनुपर्दछ र न्याय प्रणालीमा पहुँच प्राप्त गर्न उनीहरूले हाल सामना गरेका बाधाहरू हटाइनुपर्दछ ।

अगाडि धेरै चुनौती छन् । मानवअधिकारको वकालत गर्नमा पत्रकार तथा मानवअधिकार रक्षकहरूले अत्यन्त महत्वपूर्ण भूमिका खेलेका छन्, र हालैको हिंसा र धम्कीको निशानामध्ये उनीहरूलाई बनाइएकोमा म विशेष चिन्तित छु । उनीहरूलाई निर्बिघ्न आफ्नो काम गर्न दिनुपर्दछ ।

उच्चायुक्तको कार्यालय, नेपाल र मानवअधिकार रक्षकहरूबीचको समझदारी हाम्रा लागि विशेष महत्वपूर्ण रहेको छ, र तपाईंहरूबिना हामी आफ्नो कार्य गर्नसक्ने थिएनौं । उच्चायुक्तको कार्यालय, नेपालले आफ्ना गतिविधि सुरु गरेयता विकसित भएको साझेदारीलाई बलियो बनाउने कार्यलाई हामी जारी राख्नेछौं । अगाडि धेरै चुनौती हुनेछन् तर मानवअधिकारको संरक्षण र प्रवर्द्धन शान्ति प्रक्रियाको केन्द्रमा रहन्छ भन्ने सुनिश्चित गर्न हामी सबैले मिलेर काम गर्न अति आवश्यक छ ।

धन्यवाद ।